# त्रिवेणी गाउँपालिका

## तेस्रो गाउँसभाबाट स्वीकृत नीतिगत निर्णयहरु

१.त्रिवोणी गाउँकार्यपालिकाबाट यस चालु आ.व.को श्रावन १ गते देखि हाल सम्म भएका सम्पूर्ण विकास निर्माण,सेवा प्रवाह,योजनासंग सम्बन्धित योजना,दररेट संसोधन,थप,बजेट थप तथा संसोधन गर्ने लगायतका विषयमा भएका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय भयो ।

२. त्रिवेणी गाउँपालिकाको आ.व.२०७५।७६ मिति २०७५।३।९ गते सभामा पेश भएको निति तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो ।

३. कार्यपालिकाबाट शिफारिस भई आए अनुसार चालु खर्च र पूजिगत खर्च,पूजिगत खर्च तर्फको योजना तथा कार्यक्रमहरुकोहरुको अनुसूचि १ बमोजिमको विवरण तथा आवश्यक भएका तर हाल बजेट अपुग भएका र कहि कतैबाट बजेटको व्यवस्था हुने भएमा संचालन गर्न सकिने गरी तयार पारिएको आयोजना बैंकमा समावेश भएका अनुसूचि २ बमोजिमका आयोजनाहरुको विवरण तथा राजश्वको विवरण स्वीकृति गर्ने निर्णय गरियो ।

४.यस गाउँपालिका र अन्तरगत वडाहरुमा कार्यरत निजामती कर्मचारीहरुको हकमा कानून अनुसार नै तलब,ग्रेड,महंगी तथा स्थानीय भत्ता लगायतका शिर्षकमा खर्च हुनेहुनाले सोही सोही अनुसार गर्ने र स्थानीय स्थायी कर्मचारीहरु,सामाजिक परिचालक तथा करारका अन्य कर्मचारीहरुको हकमा देहाय अनुसार मासिक तलभ भत्ता निर्धारण गर्ने र करार सेवामा काम गर्नेको सेवा निरन्तरताको हकमा निजहरुको कार्यसम्पादनको मूल्याङ्कनको आधारमा कार्यपालिकाको निर्णयानुसार गर्ने निर्णय गरियो ।

तपशिल

(क) खरिदार वा सो सरहका स्थानीय स्थायी कर्मचारीहरुको लागि निजले खाइपाई आएको तलबमा हाललाई तपशिलका खरिदार स्तरका कर्मचारीको लागि मासिक रु.१९०००। कायम गर्ने निर्णय गरियो ।

१.स.ले.पा.धनवहादुर पुन,

२.स.ले.पा.लोकबहादुर राम्जा,

३.स.ले.पा.शालिकराम रोका,

४. का.स.भेषराज गिरी

५. का.स.मेघराज खडका

(ख) करार कर्मचारी

१. आइ.टि.इन्जिनियर : एल.जि.सि.डि.पि.बाट कार्यक्रम थप भएमा केही उल्लेख भई आए सोही अनुसार हुने र केही लेखि नआएको अवस्थामा करार थप नगरिने ।

२. सिभिल इन्जिनियर र सव-इन्जिनियर : क्रमश :रु.३०,५००। र २३,५००।

३. अ.हे.व. वा अ.न.मी.हरुको लागि : रु.१५०००।

४. का.स.हरुको लागि : कार्यसम्पादनको आधारमा मासिक रु.१२०००।

५. सामाजिक परिचालकहरुको लागि : एल.जि.सि.डि.पि.बाट कार्यक्रम थप भएमा सोही अनुसार हुने र कार्यक्रम थप भई नआएमा करार थप नगरिने ।

६. कार्यालयमा सवारी साधन एक र ऐम्बुलेन्स एक खरिद गरिने भएकोले त्यसको लागि एक एक जना सवारी चालक राख्ने, ती हलुका सवारी चालकको लागि मासिक रु.१५०००। तलब उपलब्ध गराउने । ऐम्बुलेन्स चालकको लागि ऐम्बुलेन्स व्यवस्थापनबाट नै तलब भत्ता उपलब्ध गराउने व्यवस्था गर्ने निर्णय भयो ।

(ग) प्राविधिकहरुको भत्ता सम्बन्धमा : प्राविधिकहरुलाई जुनसुकै समयमा फिल्डमा खटिरहनुपर्ने भएकोले अधिकृत स्तरको लागि रु.६५००। सहयाक स्तरको लागि रु.६०००। मासिक प्रोत्सहान भत्ता उपलब्ध गराउने र अन्य प्राविधिक कर्मचारीहरुको भत्ता सम्बन्धी व्यवस्था गर्नुपरेमा कार्यपालिकाले निर्णय गरी लागु गर्न सक्ने निर्णय गरियो ।

५. कार्यालय सहयोगीको पद सम्बन्धमा : गाउँपालिका र वडा कार्यायलमा कामको चापको अवस्थालाई मध्यनजर गर्दै हाललाई गाउँपालिकामा ३ (एक जना विषयगत शाखाहरु हेर्न जना र वडा स्तरमा १/१ जना कार्यालय सहयोगी कर्मचारीको व्यवस्था गर्ने र हाल कार्यरत नभएका स्थानमा करारमा भर्ना गर्ने निर्णय गरियो ।

६. गाउँपालिकाका पदाधिकारी तथा सदस्यहरु(सभा सदस्य समेत)को लागि पारिश्रमिक उपलब्ध गराउने सम्बन्धमा : प्रदेशबाट कानून निर्माणको चरणमा रहेकोले आगामी वर्षको लागि कानून अनुसार हुने र चालु वर्षको हकमा कानूनमा केही उल्लेख भए सोही अनुसार चालु आ.व.मा संकलन भएको आन्तरिक राजश्व र अन्य शिर्षकमा बाँकी रहन गएको रकमबाट र कानूनमा केही उल्लेख नगरिएको अवस्थामा चालु आ.व.मा संकलन भएको आन्तरिक राजश्व रकमबाट खर्च व्यवस्थापन हुनेगरी कार्यपालिकाबाट निर्णय भए अनुसार सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

७. कानून स्वीकृत गर्ने सम्बन्धमा : त्रिवेणी गाउँपालिकाको कार्यक्षेत्र भित्रका विषयमा कार्य सम्पादन गर्नको लागि अत्यावश्यक कानूनहरु निर्माण गर्दै जानुपर्ने अवस्थामा हाललाई तपशिलका कानूनहरु पारित गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) गाउँ विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक,२०७५

(ख) स्थानीय तह सहकारी सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक,२०७५,

(ग) त्रिवेणी गाउँपालिकाको शिक्षा सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक,२०७५,

(घ) त्रिवेणी गाउँपालिकाको पूर्वाधार व्यवस्थापन गर्न बनेको विधेयक,२०७५,

(ङ) न्यायिक समितिको उजुरीको कारवाही र किनारा गर्दा अपनाउने (कार्यविधि सम्बन्धमा) व्यवस्था गर्न बनेको विधेयक,२०७५,

(च) त्रिवेणी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्न) बनेको विधेयक,२०७५,

(छ) त्रिवेणी गाउँपालिकाको अर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक,२०७५,

(ज) त्रिवेणी गाउँपालिकाको अर्थ सम्बन्धी व्यवस्था गर्न बनेको विधियक,२०७५,

(झ) त्रिवेणी गाउँपालिकाको विनियोजन सम्बन्धि व्यवस्था गर्न बनेको विधियक,२०७५,

८. गत आ.व.को विनियोजन ऐन संसोधन सम्बन्धमा : त्रिवेणी गाउँपालिकाको विनियोजन ऐन,२०७४ अनुसार जम्मा रु.२०,३१,४८,०००। रकम संचित कोषबाट खर्च गर्ने व्यवस्था भएकोमा पछि विभिन्न कार्यक्रमको लागि प्राप्त हुनआएको रु.२३,४५,५८,०००। जम्मा रु.तेइस करोड पैतालि लाख अन्ठाउन्न हजार संसोधित बजेट रकम संचित कोषबाट खर्च गर्ने व्यवस्था गरी विनियोजन ऐन,२०७४ संसोधन गर्ने निर्णय गरियो ।

९. ऋण लिने सम्बन्धमा : बृहत खानेपानी आयोजना वा त्यस्तै अन्य उत्पादनमूलक आयोजना संचालन गर्नको लागि बजेट आवश्यक परेको खण्डमा नियमानुसार ऋण लिई काग गर्न नीतिगत स्वीकृति गर्ने र सो को लागि आवश्यक कार्य गर्न कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

१०. कानून निर्माण सम्बन्धमा : गाउँपालिकाको क्षेत्र भित्रका विभिन्न विषयमा आवश्यक मापदण्ड,कार्यविधि,नियम,निर्देशिका स्वीकृत गरी लागुगर्न कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो । साथै त्रिवेणी गाउँपालिकाको शिक्षा नीति,२०७४ र गाउँशिक्षा योजना,२०७४ अनुमोदन गर्ने नर्णय गरियो ।

११. कोष स्थापना सम्बन्धमा : गाउँपालिकामा देहायका कोषहरु स्थापना गरी स्वीकृत कार्यविधिको आधारमा कोष संचालन गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) पूर्वाधार मर्मत संभार कोष

(ख) विपद व्यवस्थापन कोष

१२. कर्मचारी व्यवस्थापन सम्बन्धमा : कार्यालयमा कर्मचारीको अभाव भई सामान्य सेवा प्रवाहमा समेत कठिनाई भएकोले स्थायी संरठन संरचना र कर्मचारी दरवन्दी विवरण तोकिए पछि वा हाल तोकिएको दरवन्दीमा कर्मचारी पदपूर्ति भएमा सोही अनुसार हुनेगरी हाललाई सामान्य सेवा प्रवाहको लागि कार्यपालिकाले अत्यावश्यक देखेमा औचित्यपूर्ण देखिनेगरी अस्थायी व्यवस्था गरी कार्यसंचालन गर्न अन्य व्यवस्था हुन नसकेमा केही कर्मचारी ज्यालादारी राखी काम गराउन र वडा नं ६ को करारमा कार्यरत कर्मचारी श्री

यज्ञविक्रम श्रेष्ठको हकमा विद्यमान कानूनी प्रावधान,निजको सम्बन्धमा यसअघि गाउँपरिषदबाट भएको निर्णय समेतको आधारमा विचार गरी आवश्यक व्यवस्था गर्न कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

१३. आयोजना कार्यान्वयन सम्बन्धमा : योजना कार्यान्वयन गर्दा वातावरण संरक्षण हुने तरिकाले संचालन गर्ने, स्थानीय स-साना आयोजनाहरु संचालन गर्दा लागतसहभागितालाई प्राथमिकता दिने अर्थात वितरणमुखी आयोजना संचालन नगर्ने र प्रविधिको प्रयोग गर्नैपर्ने अवस्थामा वाहेक श्रममा आधारित कार्यान्वयन प्रक्रियाको अवलम्बन गर्ने निर्णय गरियो ।

१४. कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा : यस गाउँपालिका अन्तरगत विषयगत शाखाका सबै कार्यक्रमहरु कार्यपालिकाबाट स्वीकृत गराएर संचालन गर्ने निर्णय गरियो ।

१५. विकास आयोजनाको पारदर्शिता बृद्धि गर्ने सम्बन्धमा : विकास निर्माणका कार्यहरु गर्दा पारदर्सिता नभएकोकारणले बजेट सदुपयोग नभएको भन्ने व्यापक जनगुनासो आएकोले पाँचखाल भन्दा साना आयोजा संचालन गर्दा मेसिन प्रयोगहुने कार्यमा अनिवार्य रुपमा मेसिन रिडिङको व्यवस्था गर्ने र सो भन्दा माथिको आयोजना निर्माण व्यवसायीबाट गराउने व्यवस्था गर्ने, तर लागत सहभागिता जुटनेको हकमा भने माथिको रकम हदको व्यवस्था लागु गरिनेछैन ।

१६. वेरुजु सम्बन्धमा : त्रिवेणी गाउँपालिकाको आ.व. २०७३।७४ को अन्तिम लेखापरीक्षणबाट औल्याइएको वेरुजु मध्य  साविक काँरागिठी गा.वि.स.को पेश्की वेरुजु रु.२१,५५० । कायम भएकोमा उक्त वेरुजु विलभरपाई पेश गर्न लगाई फछ्र्यौट गर्ने र  अन्य वेरुजु कागजपत्र पुरागरी नियमित गर्न कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

१७. दररेट स्वीकृत गर्ने सम्बन्धमा : यस गाउँपालिकाको क्षेत्रभित्र निर्माण कार्य वा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री,ज्याला भाडा महशुलको लागि न्यूनतम ज्यालादररेट निर्धारण गरी स्वीकृतिको लागि कार्यपालिकाबाट शिफारिस भएबमोजिमको न्यूनतम दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

१८. भवन निर्माण मापदण्ड स्वीकृत गर्ने सम्बन्धमा : त्रिवेणी गाउँपालिकाको भवन निर्माण मापदण्ड स्वीकृत गरी श्रावन महिना देखि लागु गर्ने गरी कार्यपालिकालाई अधिकार दिने निणय गरियो ।

१९. गाउँपालिकाको फोहर व्यवस्थापन,बजार व्यवस्थापन,सवारी व्यवस्थापन,कार्यालयको सुरक्षा व्यवस्थापन लगायत आवश्यक अन्य कार्य गर्न नगर प्रहरीको सेवा गठन गर्न आवश्यक देखिएकोले हाललाई नगर प्रहरी को देहायको अन्तरिम संगठन संरचना तयार गर्ने र नगर प्रहरी सेवाको गठन संचालन सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाबाट कार्यविधि स्वीकृत गरी व्यवस्थित गर्ने निर्णय गरियो ।

**तपशिल**

| सेवा | समूह | पद | दरबन्दि | पद पूर्ति तरिका | सेवाको प्रकृति |
|---|---|---|---|---|---|
| नगर प्रहरी | नगर प्रहरी | नगर प्रहरी हवल्दार | १ | खुल्ला | करार |
| नगर प्रहरी | नगर प्रहरी | प्रहरी जवान | ४ | खुल्ला | करार |